**Docskool**
Documentary Open School

# चलचित्र विषयक तलिमका लागि अभ्यास

## चलचित्र कार्यशालाका लागि अभ्यासहरु

(निम्न अभ्यासहरु चलचित्र को स्वरुप, प्रकृति, प्रयोग बुझाउन बनाइएकाछन्। विभिन्न तालिमहरुमा यि अभ्यासहरु प्रयोग गर्न सकिनेछ। यहाँ प्रस्तुत धेरै अभ्यासहरु 'Insights into Participatory Video: A handbook for the field' बाट समेटिएकोछ। सो पुस्तिका नेल्सन पार्करले २०११ मा र डेभिड गेर्मानोले २०१३ मा तयार पारेका हुन्। डकस्कुलका लागि नेपालि अनुवाद क्षितिज अधिराज (२०२२)। )

## अतिरिक्त विषयहरु

### १. गोप्रियता

डकुमेन्टरि / पैरविमुखि चलचित्र निर्माण गर्ने क्रममा गोप्रियता धैरै महत्वपुर्ण विषय हो। कुनै व्यक्तिको पुर्ण मन्जुरि बिना उन्लाई वा उन्को घर परिवारलाई जिवन क्षति सम्मको चुनौति आउन सक्नेहुँदा कसैको बिना अनुमति फिल्म खिच्नु हुदैन। यसरि फिल्म खिच्दा कानुनि झमेला मा पनि पर्न सकिन्छ।

### २. पात्र प्रस्तुतिकरण

डकुमेन्टरि ले यथार्थ चित्रण गर्ने भएला पनि सबै अवस्थामा पात्रलाइ अन्य बेला देखिएकै वातावरण मा मात्रै फिल्म खिच्न पर्छ भन्ने छैन। प्रत्येक फिल्म ले समाजमा यथावत विभिन्न कथन (narrative) लाई थप गर्ने हुँदा सो का बारेमा अत्यन्तै सचेत हुन पर्दछ। फिल्मे ले बोलेको भाषा, देखाएको दृश्यले पुरै समुदायलाई सधैंका लागि चिनाउन सक्ने भय़कोले पात्र/ स्थान चित्रण संवेदनशिल विषय हो। बिगतका दिनहरुमा हामि जस्तो विकासोन्मुख राष्ट्रको गलत/ भ्रामक दृस्याङ्कन भएकाले पनि डकुमेन्टरि विधा हाम्रोलागि थप महत्वपुर्ण बनेकोछ।

### ३. राज्नैतिक सचेतता

डकुमेन्टरि चलचित्रले दर्शकको सोच निर्माण गर्न निकै ठुलो भुमिका खल्ने भएकोले डकुमेन्टरि चलचित्रकर् आफु राज्नैतिक रुपमा सचेत हुने अति आवस्यक छ। राज्नैतिक सचेत नहुदा देश/ समाजका विधमान सिद्धानतलाई ठेस पुग्न सक्ने हुदा पनि सतर्कता निभाउनु पर्छ। राज्नैतिक सचेतता कै कुरामा राष्ट्रको ईतिहासलाई कसरि चित्रण गरिन्छ भन्नेले पनि भुमिका खेल्ने हुदा सो प्रस्तुत गर्दा सहि र राज्नैतिक सान्दर्भिकता नभुल्नु अत्यावस्यकछ।

उदाहरुणका लागि राणा शासन अन्तर्गत चन्द्र समशेरले दास्ता अन्त्य गर्न भुमिका खेलेका हुन सक्छन, तर सो विषयलाई बडाइ चडाइ चन्द्र शमसेर/ जहाङ्गिय राणा शासनको बारेमा अतिरिक्त बिल्नाले नेपालको लोकतन्त्र तर्फको कठिन यात्राको अवमुल्यन गर्नेछ।

राज्नैतिक दलहरु आफ्ना सिमित कामको सकारात्मक चित्रण गरियोस भनि चलचित्रकर्मिहरुलाई फकाउन सक्छन्, यो दुनिया भरि हुने गरेको पाइन्छ।

**तालिम लगाएत डकस्कुलका अतिरिक्त गतिविधी बारे बुझ्न डकस्कुलमा सम्पर्क गर्न सकिन्छ।**

House 142, Panchayan Marg, Thapathali, Kathmandu - Nepal
Email: docskoolnepal@gmail.com, Phone: -015351709; docskool.org.np